# जिल्ला प्रशासन कार्यालय, धादिङबाट २०७७ श्रावण देखि मंसिर मसान्त सम्म सम्पादन भएका कार्यहरुको विवरण




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

धादिङ

# विषय सूची


| | |
|---|---|
| १. विविध तथ्याङ्कहरु | १-२ |
| २. पूँजीगत तर्फ कूल खर्चको विवरण | ३ |
| ३. चालु तर्फ कूल खर्चको विवरण | ३-४ |
| ४. शान्ति सुरक्षा र अमनचयन | ४ |
| ५. सेवा प्रवाह | ५ |
| ६. कार्यालय व्यवस्थापन | ६ |
| ७. भौतिक पूर्वाधार निर्माण | ६ |
| ८. सडक व्यवस्थापन | ६ |
| ९. पेट्रोलियम पदार्थ | ६ |
| १०. लागूऔषध निषेध र व्यवस्थापन | ६ |
| ११. अवैध मदिरा नियन्त्रण अभियान | ७ |
| १२. बजार अनुगन | ७ |
| १३. यातायात भाडा छुट/सवारी संचालन | ७ |
| १४. जग्गा प्राप्ति | ८ |
| १५. विपद् व्यवस्थापन | ८ |
| १६. कोभिड १९ (कोरोना भाइरस) | ८ |
| १८. सूचनाको हक | ९ |
| १९. अन्य | ९ |

# जिल्ला प्रशासन कार्यालय, धादिङबाट २०७७ श्रावण देखि मंसिर मसान्तसम्ममा सम्पादन भएका कार्यहरु

| क. प्रशासन शाखा | | | |
|---|---|---|---|
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या** | **कैफियत** |
| १ | संस्था दर्ता | ३७ | |
| २ | संस्था नवीकरण | ४७ | |
| ३ | नावालक परिचयपत्र | ५८ | |
| ४ | उजुरी तथा गुनासो | - | |
| ५ | पत्रपत्रिका दर्ता | - | |
| ६ | छापाखाना दर्ता | - | |
| ७ | चिन प्रवेश अनुमति | - | |
| ८ | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | |
| ९ | हातहतियार दर्ता | ० | |
| १० | हातहतियार नविकरण | ३४ | |
| ११ | हातहतियार नामसारी | ० | |
| १२ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | ३० | |
| १३ | ड्रोन उडान सहमती | - | |
| | **कार्यको विवरण** | **संख्या** | **कैफियत** |
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | (पुरुष : १६३७, महिला: १४७९)<br>जम्माः- ३११६ | |
| २ | प्रतिलिपि नागरिकता वितरण | १९९५ | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | ० | |
| ४ | प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण | - | |
| ५ | जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई प्रदान गरिएको बंशजको नागरिकता | - | |
| ६ | पुरानो नागरिकता अभिलेखिकरण | - | |
| **ग. राहदानी शाखा** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या** | **कैफियत** |
| १ | साधारण सिफारिस | ९९५ | |
| २ | द्रुत सिफारिस | २४१० | |
| ३ | राहदानी वितरण | ३५० | |
| ४ | वितरण हुन बाँकी राहदानी | ६४५ | |
| **घ. लेखा शाखा** | | | |

| क्र.सं. | कार्यको विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| **कार्यालय तर्फ** | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | ३,६८,१५४/- | |
| २ | चालु तर्फ कूल खर्च | ५८,८५,५८२।०४ | |
| **ङ. मुद्दा शाखा** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या** | **कैफियत** |
| १ | हातहतियार | - | |
| २ | अभद्र व्यवहार/जुवा | २४ | |
| ३ | कालो बजारी | - | |
| ४ | सवारी ज्यान क्षतिपूर्ती | - | |
| **यस आ.व. को जम्मा दर्ता** | | २४ | |
| **गत आ.व. को जिम्मेवारी सरी आएको संख्या** | | १९२ | |
| **यस आ.व. मा फछ्र्यौट भएको संख्या** | | ७ | |
| **फैसला हुन बाँकी मुद्दाको संख्या** | | २०९ | |
| **च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या** | **कैफियत** |
| १ | खाद्य नमूना संकलन | २ वटा | |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | 0 | |
| **छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७७/०७७)** | **कैफियत** |
| १ | खाद्यान्न, होटल र अन्य विविध | १५ पटक | विभिन्न होटल, रेष्टुरेन्ट, किराना पसल, वीउबीजन तथा किटनाषक औषधी पसल, फलफूल तथा तरकारी पसल, विभिन्न मेडिकल ल्याबहरु, प्याथोलोजीहरु, मिठाई पसल, दैनिक उपभोग्य वस्तु विक्री गर्ने पसल, माछामासु पसल, पशु बधशाला, हार्डवेयर पसल, मदिरा पसल, पेय पदार्थ डिलर, पानी उद्योग, कोचिङ सेन्टर र ट्यूसन सेन्टरहरु आदि । |
| **ज. कार्यालय अनुगमन** | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या** | **कैफियत** |
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | - | - |

पूँजीगत तर्फ कूल खर्चको विवरण (२०७७ श्रावण देखी मंसिर मसान्तसम्म)

ब.उ.शी. ३१४९२०११४ जिल्ला प्रशासन कार्यालयहरु

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार ११.३.७.१ | १,५०,०००/- | १,५०,०००/- |
| ३११२२ | मेशिनरी तथा औजार ११.३.७.१४ | २,००,०००/- | १,३९,६१९/- |
| ३११२२ | मेशिनरी तथा औजार ११.३.७.३ | ५०,०००/- | ३१,०७५/- |
| ३११२२ | मेशिनरी तथा औजार ११.३.७.४ | ७५,०००/- | १६,९५०/- |
| ३११२२ | मेशिनरी तथा औजार ११.३.७.८ | २५,०००/- | ०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स ११.६.१३.११ | १,००,०००/- | १५,८२०/- |
| ३११२३ | फर्निचर तथा फिक्चर्स ११.६.१३.२ | ८०,०००/- | १४,६९०/- |
| ३११२३ | फर्निचर तथा फिक्चर्स ११.६.१३.३ | ४०,०००/- | ०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स ११.६.१३.४२ | ८०,०००/- | ०० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण ११.४.२२.३३ | २,००,०००/- | ०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण११.५.२२.११ | २,००,०००/- | ०० |
| | **जम्मा** | **१२,००,०००/-** | **३,६८,१५४/-** |

चालु तर्फ कूल खर्चको विवरण (२०७७ श्रावण देखी मंसिर मसान्तसम्म)

क) ब.उ.शी. ३१४९२०१३३ जिल्ला प्रशासन कार्यालयहरु

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ८५६१०००/- | ३७१४४७९/३० |
| २११३२ | महंगी | ४,३२,०००।०० | १,५३,९६०/- |
| २११३९ | अन्य भत्ता | ५०,०००/- | १५,०००/- |
| २११२१ | पोशाक | १,८०,०००/- | ०० |
| २१२१२ | योगदानमा आधारित निवृतिभरण तथा उपदान कोष खर्च | १५,०००/- | ०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ८६,०००/- | २,४००/- |
| २२१११ | पानी तथा बीजुली | २,१०,०००/- | ०/- |
| २२११२ | सञ्चार महशुल | २,७०,०००/- | १२०००/- |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३,५०,०००/- | १,४१,७६८।६२ |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ५,७६,०००/- | ८१,४८४।८२ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पतिको | १,४०,०००/- | ०० |

| | | | |
|---|---|---|---|
| | मर्मत सम्भार | | |
| २२२१४ | बीमा तथा नविकरण | ५०,०००/- | ०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत संम्भार तथा सञ्चालन खर्च | ७५,०००/- | ०० |
| २२३१५ | पत्रपत्रिका छपाइ सुचना प्रकाशन | १०००००/- | ०० |
| २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | ६,४०,०००/- | २,२९,३४१/- |
| २२४१९ | अन्य सेवा शूल्क | ३०,४२,०००/- | ११,९७,२००/- |
| २२५२२ | कार्यक्रम खर्च | १,५०,०००/- | ३५,०००/- |
| २२५२९ | विविध कार्यक्रम खर्च | १,७२,०००/- | ०० |
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ४,६०,०००/- | १,४०,६५०/- |
| २२६१२ | भ्रमण खर्च | १,५०,०००/- | २५,६००/- |
| २२७११ | विविध खर्च | २,५०,०००/- | १,३६,६९८/३० |
| २७१११ | सामाजिक सुरक्षा | २२,०००/- | ०० |
| | **जम्मा** | **१,५९,८१,०००/-** | **५८,८५,५८२।०४** |

## अन्य महत्वपूर्ण कार्यहरु

**शान्ति सुरक्षा र अमनचयन**

- जिल्लामा शान्ति सुरक्षाको विश्वसनीय र भरपर्दो सुरक्षा व्यवस्था मिलाई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतिजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक २१ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।
- सुरक्षासंग सम्वन्धित विभिन्न कार्ययोजनाहरु निर्माण गरिएको ।

**सेवा प्रवाह**

- बंशजको आधारमा नयाँ नागरिकता ३,११६ (पुरुष : १,६३७, महिलाः १,४७९), वैवाहिक अंगिकृत नागरिकता ०, र प्रितिलिपि नागरिकता १,९९५ वटा वितरण गरिएको ।
- ९९५ वटा राहदानी कार्यालयबाट सिफारिस भएको, ३५० वटा राहदानी वितरण भएको साथै ६४५ वटा राहदानी वितरण गर्न बाँकी रहेको र ४६५ वटा द्रुत सिफारिस गरी राहदानी विभागमा पठाइएको ।
- संस्था दर्ता ३७ तथा संस्था नवीकरण ४७ वटा गरिएको ।
- ५८ वटा नालबालक परिचयपत्र जारी गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाई हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको ।गत आ.व.को फछ्यौंट हुन बाँकी १९२ र चालु २०७७ साल श्रावण देखी मंसिर मसान्त सम्ममा दर्ता भएका २४ वटा मुद्दा गरी २१६ वटा मुद्दा दर्ता भएकोमा मध्ये ७ वटा  मुद्दा फछ्यौंट गरिएको । मुद्दाको कागजात लेखनमा मूल बाक्यंशमा समयानुकुल सुधार गरिएको ।
- कार्यालय परिसरभित्र रहेको सुरक्षित वैदेशिक रोजगार परामर्श केन्द्रबाट ८११ (महिला: २९३, पुरुष: ५१८) जनालाई वैदेशिक रोजगार सम्बन्धी परामर्श प्रदान गरिएको ।
- राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको संयोजनमा राष्ट्रिय परिचयपत्र वितरण सम्वन्धि कार्य प्रारम्भ भएकोमा २०७७ श्रावण देखि मंसिर मसान्त सम्म जम्मा १२६६ वटा विवरण दर्ता भएको ।
- कार्यालय परिसरमा स्थापना गरिएको नागरिक सहायता कक्ष मार्फत प्रभावकारी ढंगले सेवा उपलब्ध भइरहेको।
- सेवाग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शूल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधीहरु प्रवाह गर्ने गरिएको ।
- संवेदनशीलता अनुसार अलग अलग माईन्यूट खडा गरि निर्धारित ढाँचा अनुसार नै समिति निर्माण गरी निर्णय गर्ने व्यवस्था गरिएको ।
- व्यक्तिगत सिफारिसहरुलाई कानुन सम्मत बनाउन सम्वन्धित वडाका वडा अध्यक्षहरुको सिफारिस पश्चात मात्र सिफारिस गरि उक्त कार्यको थालनी गरिएको ।
- बैठक कक्ष र इजलाशको Setting परिवर्तन गरि बैठक सञ्चालन तथा मुद्दाको सुनुवाईको शैली समेत परिवर्तन गरिएको ।
- सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारम तयार गरी प्रयोगमा ल्याइएको ।

**कार्यालय व्यवस्थापन**

- नियमित स्टाफ बैठक गरी गुनासोको सामूहिक समाधान गरिएको ।
- अख्तियारी तथा खर्च विवरण सार्वजनिकीकरण गरिएको ।
- टोकन प्रणाली मार्फत सेवा प्रवाह गर्ने गरिएको ।
- कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको ।
- कार्यालयका विभिन्न फाँटमा रहेका पुराना फर्निचरहरु फेरी नयाँ प्रतिस्थापन गरिएको । सेवाग्राहीहरु विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि सेवा लिंदासम्म बस्ने व्यवस्थाको विशेष प्रबन्ध गरिएको ।
- कार्यालय परिसरमा सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाइएको ।
- कार्यालयको भुईतला, Reception, इजलाश, बैठक कक्षको सरसफाई तथा सुचना वोर्ड व्यवस्थित गरिएको ।
- कार्यालय परिसर सरसफाईको कार्यलाई नियमित बनाइएको ।

**भौतिक पूर्वाधार निर्माण**

- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा साथै महिला पुरुष अलग-अलग तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था मिलाइएको ।
- ग्यारेज, सुरक्षा पोष्ट लगायत कार्यालय परिसर मर्मत र रंगरोगन गरिएको
- कार्यालय परिसरमा रहेको गार्डेन लाई ग्रास कटर प्रयोग गरी सरसफाई गरिएको ।
- क्यान्टिन पछाडि रहेको अनुत्पादक किसिमको खालि जग्गामा खेलकुद स्थल वनाउने गरी व्यवस्थित गरिएको ।
- कार्यालयमा रहेको पानी धाराको धारा तथा विजुली बत्तिको मर्मत गरिएको ।

**सडक व्यवस्थापन**

- सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ बमोजिम स्वीकृति नलिएका सडक छेउ तथा फुटपाथ राखेका निर्माण सामग्री र खुद्रा पसल राख्ने कार्य बन्द गराउन लगाइएको, ।

**पेट्रोलियम पदार्थ**

- जिल्ला स्थित सबै पेट्रोल/डिजेल पम्पहरुबाट उपलब्ध परिमाणको पेट्रोल/डिजेल विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको, ।

**लागूऔषध निषेध र व्यवस्थापन**

- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- गाँजा, अफिम लगायतका लागू पदार्थजन्य खेती नष्ट गरिएको ।
- २०७७ श्रावण मसान्त देखी मंसिर मसान्त सम्म ३६८ रोपनी क्षेत्रफलमा लगाइएको गाँजा फडानी गरिएको
- लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारमा संलग्न व्यक्तिहरुको सुरक्षा निकायहरुको सहयोग र समन्वयमा नियन्त्रणमा लिई कानुनी दायरामा ल्याइएको ।

**अवैध मदिरा नियन्त्रण अभियान**

- अवैध मदिरा उत्पादन तथा बिक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्न सरोकारवाला निकायहरुको संलग्नतामा प्रभावकारी अनुगमन गरिएको र अवैध मदिरा उत्पादन तथा बिक्री वितरणमा संलग्नलाई कानूनबमोजिम कारवाहीको दायरामा ल्याइएको ।
- ईजाजत पत्र लिई वैध मदिरा बिक्री वितरण गर्ने पसल, डिपार्टमेन्टल स्टोर, होटल, रेष्टुरेन्टहरुले कानूनमा तोकिएको परिधीभित्र रही बिक्री वितरण गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, धादिङको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, धादिङ, घरेलु तथा साना उद्योग कार्यालय र उपभोक्ता हित संरक्षण मञ्चको सहभागितामा अनुगमन गरिएको र कानून विपरित गरेकालाई तत्काल कारवाहीको दायरामा ल्याइएको ।

**बजार अनुगमन**

- नियमितरुपमा गरिदै आएको बजार अनुगमनलाई सरोकारवाला निकायहरुको सहभागितामा थप प्रभावकारी बनाउँदै नतिजामुखी तुल्याइएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- बजार अनुगमनका क्रममा व्यवसाय सञ्चालकलाई अनुगमन टोलीद्वारा सुधारका निम्ति दिइएका निर्देशन तथा सुझावहरु पालना भए/नभएको सम्बन्धमा समेत अनुगमन गरिएको ।
- व्यवसायीहरुले व्यवसाय सञ्चालनका क्रममा पुर्याउनुपर्ने रीतहरुका साथै कानून विपरित व्यवसाय सञ्चालन गर्दा हुने कारवाही सम्बन्धी जानकारीका साथै अन्य सचेतनामूलक विषयवस्तुहरु स्थानीय सञ्चारमाध्यम मार्फत व्यवसायीमाझ सूचित गरिएको ।
- नेपालीहरुको विभिन्न चाडपर्वलाई लक्षित गरी आम उपभोक्तालाई दैनिक उपभोग्य वस्तु सहज र एकै स्थानबाट उपलब्ध गराउन एकीकृत सुपथ मूल्य पसल सञ्चालनको लागि धादिङ उद्योग वाणिज्य संघलाई आवश्यक व्यवस्था मिलाउन लगाइएको ।
- जिल्लामा सञ्चालित औषधी पसल, ल्याब, पोलिक्लिनिक र निजी अस्पतालहरुको नियमित अनुगमन गरिएको ।
- बन्दावन्दीको समयमा वजार अनुगमनलाई थप प्रभावकारी बनाई आम उपभोक्तालाई दैनिक उपभोग्य वस्तु सहज रुपमा उपलब्ध गराउने व्यवस्था गरिएको ।
- बजार अनुगमन र सो सम्वन्धमा भएको कारवाही आमरुपमा देखिने गरी भएको ।

**यातायात भाडा छुट/सवारी संचालन**

- धादिङमा सञ्चालित सार्वजनिक यातायात सेवामा कानूनले तोकेको मापदण्ड अनुसार विद्यार्थी/जेष्ठ नागरिक/अपाङ्गता भएका व्यक्तिहरुलाई छुटको व्यवस्था कार्यान्वयनलाई निरन्तरता दिइएको ।
- यातायात व्यवसायीद्वारा विद्यार्थीलाई उपलब्ध गराइने छुटका सम्बन्धमा सबै सवारी साधनमा सबैले देख्ने गरी राख्न लगाइएको ।
- मादक पदार्थ तथा अन्य नशालु पदार्थ सेवन गरी सवारी नचलाउने, चालकले सवारी चलाएको समयमा मोवाइल प्रयोग नगर्ने, सवारी चलाउदा जुत्ता अनिवार्य लगाउने, सवारी चालकले मादक पदार्थ तथा नशालु

पदार्थ सेवन खाए नखाएको परीक्षण गर्ने, परमिट नविकरण र विमा भए नभएको परीक्षण गर्ने गरी व्यवस्था मिलाईएको ।

**जग्गा प्राप्ति**

- आयोजनाहरुको मुआब्जा तथा क्षतिपुर्तिको कार्यलाई नियमित बनाइएको ।

**विपद् व्यवस्थापन**

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ४ पटक सञ्चालन गरिएको ।
- DCCMC को बैठक १४ पटक सन्चालन गरिएको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ (परिमार्जित तथा अध्यावधिक) तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना भाईरस) रोकथाम तथा नियन्त्रणका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा DCCMC को नियमित बैठक बसि संक्रमण फैलन नदिने प्रयास गरिएको ।
- जिल्लामा रहेका एम्बुलेन्सहरुलाई कोभिड-१९ रोकथाम र नियन्त्रणका लागी २४ सै घण्टा सेवा प्रदान गर्ने गरि तयारी राख्ने व्यवस्था मिलाइएको।
- विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यावहारिक अभ्यास जिल्लास्थित सुरक्षा निकायहरुले विभिन्न मितिमा सञ्चालन गरेका ।
- विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको ।
- जिल्लाका विभिन्न स्थानम भएको मनसुनजन्य विपद्का कारण जोखिमपुर्ण पीडितहरुको राहत वितरण स्थलगत अनुगमन पश्चात मात्र गरिएकाले वढी यथार्थपरक भएको ।

**कोभिड १९ (कोरोना भाईरस)**

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार बाट विभिन्न समयमा जारी भएको निर्णयहरुको कार्यन्वयन भएको ।
- नेपाल सरकार बाट जारी भएको बन्दाबन्दीलाई जिल्लामा पूर्ण रुपमा लागू गराइएको ।
- कोभिड संक्रमणबाट मृत्यु भएकाहरुको शव व्यवस्थापन समन्वयात्मक रुपमा गरिएको ।
- कोभिड संक्रमण नियन्त्रणका लागि जिल्ला स्थित सवै स्थानिय तहहरुका क्वारेन्टिन तथा आइसोलेसन कक्षको निर्माण गर्न लगाई संक्रमित व्यक्तिहरुबाट रोग समुदायमा फैलन नदिइएको ।
- नेपाल सरकार(मन्त्रिपरिषद्) को निर्णयानुसार जारी रहेको बन्दाबन्दी (Lock Down) लाई परिमार्जन सहित कार्यान्वयनका लागि तर्जुमा गरिएको "बन्दाबन्दीलाई ब्यबस्थित गर्ने सुरक्षा मापदण्ड २०७७" लाई कार्यन्वयन गर्न विभिन्न रणनीतिहरु तयार गरि कार्यन्वयनमा ल्याइएको ।

- बन्दाबन्दी (Lock Down) उल्लंघन गरेमा अत्यावश्यक सेवा ऐन,२०१४ संक्रमक रोग ऐन,२०२० मुलुकी अपराध संहिता २०७४ र स्थानीय प्रशासन ऐन २०२८ तथा अन्य प्रचलित कानून बमोजिम कारवाहीको दायरामा ल्याइएको ।

**सूचनाको हक**

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट भए गरेका गतिविधिहरु नियमितरुपमा कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।

**अन्य**

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- निजामती सेवा दिवस, २०७७ मनाइएको । दिवसको अवसरमा कार्यालय सरसफाई साथै, पहिलो सेवाग्राहीलाई सम्मान गरिएको ।

# जिल्ला प्रशासन कार्यालय

धादिङ

**फोन नं.** : ०१०-५२०१३३, ५२०१२१

**फ्याक्स** : ०१०-५२०२७७

**ईमेल** : daodhading@moha.gov.np

**वेबसाईट** : daodhading.moha.gov.np

**फेसबुक पेज** : www.facebook.com/daodhading